# मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

**स्थापना: २०७३**

आ.व.-२०८०/८१ (१ नं. प्रदेश नेपाल)

**(कार्यपालिका बैठक)** मितिः२०८०/०८/०७

---

**बैठक सुरू समयः विहान ८ बजे** **बैठक संख्याः ५**

**बैठकको अध्यक्षताः विजय प्रकाश वनेम**

**उपस्थितिः**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री केशर लिम्बु | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | |
| १० | श्री पासाङ ग्याबु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मीमाया गोम्देन | सदस्य सचिव | |

मैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँघु,ताप्लेजुङ
स्था: २०७३

पत्र संख्या:-०८०/८१
चलानी नं:-

(१ नं. प्रदेश, नेपाल)
मिति: २०८०\०८\०७

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०८/०७ गते बसेको पाँचौं बैठकको प्रस्ताव तथा निर्णयहरू:

प्रस्तावहरू:

- भू -उपयोग नीतिको प्रारम्भिक प्रतिवेदन उपर छलफल
- प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाँडफाँड सम्बन्धमा
- अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधि निर्माण गर्ने सम्बन्धमा
- सहुलियत व्यवसाय कर्जा कोष स्थापनाका लागि कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधि निर्माण गर्ने सम्बन्धमा
- बहु उद्धेश्यीय कबर्ड हल निर्माणका लागि आवश्यक जग्गा सुनिश्चित गर्ने सम्बन्धमा
- अस्थायी टहरा निर्माण गर्दा लागेको खर्च सम्बन्धमा
- २०८०\०३\२ गते आएको भीषण वर्षाका कारण पहिरोका कारण छतविछत सडकहरू मर्मत सम्बन्धमा
- निकासी करको सम्बन्धमा
- अभिमुखीकरण र लेखापरीक्षण सम्बन्धमा
- कर्मचारी अनुशासनको सम्बन्धमा
- विविध

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | आजको यस बैठकमा मैवाखोला गाउँपालिकाको निर्माणाधीन भू -उपयोग नीतिको प्रारम्भिक प्रतिवेदन उपर बृहद छलफल गर्दा केही सच्याउनु पर्ने देखिएकाले प्रत्येक वडाहरूलाई प्रतिवेदनको ड्राफ्ट प्रदान गरी पुनः छलफलबाट ५ दिन भित्रमा सच्याउन लगाई संसोधन गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको बजेट नेपाल सरकारबाट प्राप्त ८८१३३३ रकम वडा नं.१, २ र ३ लाई र आइडीए बाट प्राप्त ८६८४०० रकम वडा नं. ४, ५ र ६ लाई बाँडफाँड गरी प्रदान गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| ३ | अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि कार्यविधि निर्माण गर्नु पर्ने भएकाले उक्त कार्यविधि निर्माणका लागि यसै कार्यालयमा कार्यरत प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक श्री मचिन्द्र लिम्बूलाई जिम्मेवारी दिने निर्णय गरियो । | |
| ४ | सहुलियत व्यवसाय कर्जा कोष स्थापनाका लागि कार्यविधि निर्माण गर्नुपर्ने भएकाले उक्त कार्यका लागि यसै कार्यालयको प्रशासन शाखामा कार्यरत कर्मचारी श्री देवी प्रसाद चापागाईंलाई जिम्मेवारी दिने निर्णय गरियो । | |
| ६ | बहु उद्धेश्यीय कबर्ड हल निर्माणका लागि आवश्यक जग्गा सुनिश्चित गर्ने प्राप्त गर्ने र आवश्यक प्रक्रिय अगाडि बढाउने निर्णय गरियो । | |

| | | |
|---|---|---|
| ७ | २०८०\०३\२ गते आएको भीषण वर्षाका कारण पहिरो पीडित ओदक वस्ती सार्नुपर्ने भएकाले निर्माणाधीन मदन भण्डारी रङ्गशालामा अस्थायी टहरा निर्माण गर्दा लागेको खर्च भुक्तानी गर्नका लागि मर्मत कोषबाट १९००००० (उन्नाइस लाख) मात्र विपद कोषमा रकमान्तर गरी भुक्तानी गर्ने सर्व सम्मतले निर्णय गरियो साथै यस निर्णय आगामी हिउँदे सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । | |
| ८ | २०८०\०३\२ गते आएको भीषण वर्षाका कारण पहिरो गई सडकहरू क्षतविक्षत भएकाले उक्त सडकहरू वडा नं. २ देखि लाली मानेडाँडा मझुवा खण्ड हुँदै रिफाइले सम्म सडक मर्मत का लागि रु ८५०,००० र गा.पा. केन्द्र देखि ४ नं. सम्म जाने सडक रु ५०००००\- रकम गा.पा.को समपुरक कोषबाट खर्च गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| ९ | निकासी करका लागि पटक पटक ठेक्का खोल्दा पनि कुनै आवेदन नपरेकोले उक्त कर सङ्कलनका लागि अमानत विधिबाट काम गर्ने सर्वसम्मतले निर्णय गरियो । | |
| १० | टोल विकास संस्थाहरूका अध्यक्ष तथा सचिवहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै टोल विकास संस्थाहरूको लेखापरीक्षण गर्नका लागि विद्यालयका लेखापरीक्षकलाई गर्न लगाउने र खर्च पनि गाउँपालिकाबाटै व्यहोर्ने निर्णय गरियो । | |

| | | |
|---|---|---|
| ११ | यसै कार्यालयको पूर्वाधार शाखामा कार्यरत कर्मचारी द्वय विजय चोङ्बाङ र इनुशा न्यौपाने कार्यालयमा बिना जानकारी २०८०\११\१५ गते बाट कार्यालयमा अनुपस्थित रहेको र कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत कुनै जानकारी नदिएकाले दुवैजना कर्मचारीलाई यस कार्यालयबाट आजकै मितिदेखि बर्खास्त गर्ने साथै उक्त रिक्त पदहरूमा तत्काल करार विज्ञापन गरी परिपूर्ति गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| १३ | सामान्य प्रशासन मन्त्रालयको च.नं. ८५३ मिति २०८०/०६/१७ गतेको पत्रमा यस कार्यालयमा कार्यरत शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत स्तर सातौं तहमा कार्यरत श्री लक्ष्मीमाया गोम्देन (कर्मचारी संकेत नं. २४२४५१) लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (४) अनुसार प्रमुख प्रशासकीय अधिकृत नखटाइए सम्मको लागि वा बढीमा २ (दुई) महिनाको लागि मात्र मैवाखोला गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी दिइएको जिम्मेवारी २०८०/०८/१७ गतेबाट सकिने भएको र सो समयसम्म पनि प्रमुख प्रशासकीय अधिकृत नखटाइएमा आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन असर नपर्ने गरी अर्को व्यवस्था नभए सम्मलाई जिम्मेवारी थप गरिदिन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय आजकै मितिमा गरिराखे सर्व-सम्मतले निर्णय गरियो । | |

| | | |
|---|---|---|
| १४ | मैवाखोला गाउँपालिकाले पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्दा प्रयोग गरेको श्री छत्र ध्वोज चोङ्वाङको चारपाङ्ग्रे गाडी प्रयोग गरेवापतको गाडी भाडा रु. १२००० विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । | |
| १५ | मैवाखोला गाउँपालिकाको आ.व. ०८०/८१ को पहिलो त्रैमासिकको आन्तरिक लेखा परिक्षण गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय ताप्लेजुङलाई अनुरोध गर्ने सर्वसम्मतले निर्णय गरियो । | |
| १६ | मैवाखोला गाउँपालिका अन्तर्गत रहेका सुरक्षा निकायलाई तपसिल अनुसार कार्यालय व्यवस्थापन लागायत विविध कामको लागि सुरक्षा व्यवस्थापन खर्च शीर्षकबाट रकम सहयोग गर्ने निर्णय सर्वसम्मतले गरियो ।<br><br>तपसिलः<br><br>- साँघु प्रहरी चौकीलाई रु. २५,०००।–<br>- तेम्बे प्रहरी चौकीलाई रु २५,०००।–<br>- सशस्त्र प्रहरी वल नेपाल सुरक्षा वेश ढुङ्गेसाँघुलाई रु ३०,०००।- | |